## सामलिङ्ग पावर कम्पनी लिमिटेडको
## तेस्रो वार्षिक साधारण सभाको विवरण (माइन्यूट)

१. **वैधानिक सभाः**

सामलिङ्ग पावर कम्पनी लिमिटेडको मिति २०७८ साल फाल्गुन महिना २९ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार बोलाईएको तेस्रो वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री विजय बहादुर राजभण्डारीज्यूका अध्यक्षतामा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको स्थान, मिति र समयः**

**मितिः** २०७८ साल चैत्र महिना २१ गते, सोमबार ।

**स्थानः** कार्की व्याङ्केट, बबरमहल, काठमाडौं ।

**सञ्चालन विधिः** भौतिक रुपमा संचालन भएको ।

**सभा सुरु भएको समयः** बिहान ११:०० बजे

**उपस्थितिः**

| | पद | हस्ताक्षर |
|---|---|---|
| १. श्री विजय बहादुर राजभण्डारी (प्रतिनिधी-सि.ई. कन्स्ट्रकसन प्रा.लि) | अध्यक्ष | |
| २ श्री श्याम मिलन श्रेष्ठ | संचालक | |
| ३. श्री गोपाल मानन्धर | संचालक | |
| ४. श्री मोहनदास मानन्धर (प्रतिनिधी-उर्जा डेभलपर्स प्रा.लि) | संचालक | |
| ५. श्री शम्भु प्रसाद फयल | संचालक | |
| ६. श्री भानुभक्त पोखरेल | संचालक/प्रमुख कार्यकारी अधिकृत | |
| ७. श्री मंगला अमात्य | संचालक | |
| ८. श्री दिनेश श्रेष्ठ | स्वतन्त्र तथा व्यवसायिक संचालक | |
| ९. श्री राजु शाक्य | स्वतन्त्र तथा व्यवसायिक संचालक | |
| १०) श्री अनिता खत्री | कम्पनी सचिव | |

Samling Power Co. Ltd.

| पदाधिकारीहरुको उपस्थितिः | | |
|---|---|---|
| मोहन दास मानन्धर | जोखिम व्यवस्थापन समिति | अध्यक्ष |
| राजु शाक्य | जोखिम व्यवस्थापन समिति | सदस्य |
| भानुभक्त पोखरेल | जोखिम व्यवस्थापन समिति | सदस्य सचिव |
| श्याम मिलन श्रेष्ठ | लेखापरिक्षण समिति | अध्यक्ष |
| शम्भु प्रसाद फयल | लेखापरिक्षण समिति | सदस्य |

कम्पनीका संचालक र पदाधिकारीहरु बाहेक सभामा कम्पनीका लेखापरिक्षक प्रधान एण्ड शाक्य एशोसियट्स का साझेदार Chartered Accountant श्री क्षेत्र गोपाल प्रधान, कम्पनीका शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग क्यापिटलका अपरेसन इन्चार्ज श्री केदार घिमिरे, निर्वाचन अधिकृत श्री भक्तिराम घिमिरे तथा कानूनी सल्लाहकार अधिवक्ता अन्जन कुमार दाहाल लगायत कम्पनीका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## ४. सभाको सुचना तथा आवश्यक विवरण

कम्पनीको तेस्रो वार्षिक साधारण सभा बस्ने बारे शेयरधनी महानुभावहरुको जानकारीका लागि मिति २०७८/११/३० तथा २०७८/१२/०७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको र शेयरधनी महानुभावहरुको सहजताको लागि साधारण सभा बारेको जानकारी कम्पनीको वेवसाइटमा समेत राखि सार्वजनिक रुपमा सूचित गर्नुका साथै शेयरधनी महानुभावहरुले उपलब्ध गराउनु भएको ठेगाना समेतमा पठाइएको भनि कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

## ५. वार्षिक साधारण सभाको छलफलका विषयहरु :

### क) सामान्य प्रस्तावः

१) आ.व. २०७७/०७८ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२) आ.व. २०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७८/०७९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल कायम लेखा परीक्षक चार्टड एकाउन्टेन्ट श्री प्रधान एण्ड शाक्य एशोसियट्स पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ) ।

### ख) विशेष प्रस्तावः

**१. कम्पनीको नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

१.१ कम्पनीको संचालक समितिको कायम संख्या ११ (एघार) जना बाट घटाई ७ (सात) जना कायम गर्न नियमावलीको नियम २७ (२) र सोसँग सम्बन्धी नियम ३१ संशोधन गर्ने ।

१.२ कम्पनीको नियमावलीको नियम १७ मा आवश्यक संशोधन गर्ने ।

Samling Power Co. Ltd.

१.३ माथि विशेष प्रस्ताव (१) को प्रस्तावित संशोधनमा नियमकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोही बमोजिम गर्न गराउन संचालक समितिलाई अख्तियारी दिने ।

ग) **सर्वसाधारण शेयरधनी समूह "ख" बाट १ जना तथा समूह "ग" बाट १ जना गरि २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने ।**

घ) विविध ।

६. **शेयरधनीहरुको उपस्थिति**

| बाँडफाँड भएको कुल शेयर संख्या | कुल शेयरधनी संख्या | स्वयं उपस्थिति शेयरधनी संख्या (अनलाइन माध्यमबाट उपस्थिति .... जना समेत) | प्रतिनिधि पत्रद्वारा उपस्थिति शेयरधनी संख्या | जम्मा उपस्थिति शेयरधनी संख्या | उपस्थिति कुल शेयर संख्या (अनलाइन माध्यमबाट उपस्थिति ......समेत) | बाँडफाँड भएको शेयर सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| ५०,००,००० (पचास लाख) | ७६६६६ जना | - | ४८ जना | ९६ जना | ३१,५८,२०० थान | ६३.१६ % |

७. **गणपुरक संख्या एवम् वैधानिकता**

सभा विधिवत रुपमा शुरु गर्नुअघि कम्पनी सचिवले यस साधारण सभा प्रचलित ऐन कानून र कम्पनीको नियमावली बमोजिम बोलाइएको र सभा गर्न कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो । तत् पश्चात सभा विधिवत प्रारम्भ भयो ।

८. **आसन ग्रहण**

गणपुरक संख्या पुगेको र सभा वैद्यानिक रहेकोले कम्पनी सचिवले कम्पनीका संचालकज्यूहरु, आमन्त्रित महानुभावहरु तथा कम्पनीका उच्चपदस्थ पदाधिकारीहरुलाई आसन ग्रहण गराउनु भयो ।

९. **राष्ट्रिय गान, पानसमा दिप प्रज्वलन, सभाको अध्यक्षता र सभा संचालन**

आसन ग्रहण पश्चात सभामा उपस्थित सबै जना राष्ट्रिय गानमा सहभागी हुनुभयो । राष्ट्रिय गान पश्चात् अध्यक्षज्यूले पानसमा दिप प्रज्वलन गर्नुभयो । सो पश्चात कम्पनी ऐनक २०६३, को दफा ७४ (१) तथा कम्पनीको नियमवालीको नियम १९ (१) बमोजिम कम्पनीको तेस्रो वार्षिक साधारण सभाको अध्यक्षता ग्रहण गरिदिनुहुन कम्पनीको संचालक समितिका अध्यक्ष श्री विजय बहादुर राजभण्डारीज्यूलाई कम्पनी सचिवले अनुरोध गर्नुभयो र सोही बमोजिम अध्यक्ष श्री विजय बहादुर राजभण्डारीले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । अध्यक्षको अनुमतिमा कम्पनी सचिव तथा कम्पनीका कानूनी सल्लाहकारले साधारण सभाको काम कारवाही अगाढी बढाउनु भयो ।

१०. **अध्यक्षज्यूबाट मन्तव्य**

कम्पनी सचिवले अध्यक्षज्यूलाई आफ्नो मन्तव्य राख्न अनुरोध गर्नु भएबमोजिम अध्यक्षज्यूले सभामा पाल्नुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सभामा आमन्त्रित सवैलाई कम्पनीको तर्फबाट सभामा स्वागत गर्दै सभा समक्ष कम्पनीको वर्तमान अवस्था साथै भावि कार्यक्रमहरु उद्दृत गर्दै संचालक समितिको आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन सहित आफ्नो मन्तव्य राख्नुभयो ।

११. **छलफलका लागि आव्हान**

अध्यक्षज्यूले आफ्नो मन्तव्य राखिसके पश्चात कम्पनीको काम कारवाहीहरु, भावि कार्ययोजनाहरु, सभामा छलफलका लागि निर्धारित प्रस्तावहरु लगायत कम्पनीसँग सम्बन्धित कुनै पनि विषयमा कुनै जिज्ञासा,

प्रश्न तथा सुझावहरु भए सभा समक्ष पेश गर्नुहुन भनि कानुनी सल्लाहाकारले सभामा उपस्थित आदरणीय शेयरधनी महानुभावहरु तथा उपस्थित प्रतिनिधिहरुलाई आव्हान गर्नुभयो ।

१२. **जिज्ञासा, प्रश्न तथा सुझावहरु**

उपस्थित आदरणीय शररेधनी महानुभावहरु तथा उपस्थिति प्रतिनिधिहरुलाई जिज्ञासा, प्रश्न तथा सुझावहरुको लागि आव्हान गर्नुभएकोमा देहायमा उल्लेखित शेयरधनीहरु तथा उपस्थित प्रतिनिधिहरुबाट देहाय बमोजिमका जिज्ञासा, प्रश्न तथा सुझावहरु प्राप्त भएको ।

क. श्री डम्मरु वल्लभ घिमिरे,

ख. श्री शिव प्रसाद पौडेल,

**सुझावहरु**

१. यस सभामा आयोजनाको हालसम्मको प्रगति विवरणको पावरप्वाइन्ट प्रस्तुतिमा कमि भएकाले कम्पनीले हाल गर्दै आएको आयोजना सम्बन्धीको जानकारी अली प्रष्ट नभएको जस्तो महसुस भएको व्यक्त गर्नुभयो । आगामी वर्षको साधारण सभामा सो कुरालाई ध्यानमा राखि प्रोजेक्टरको प्रयोग गरि आयोजनाको प्रगति विवरणको पावरप्वाइन्ट प्रस्तुत गरी आयोजनाको बारेमा जानकारी दिनका लागि सुझाव दिइयो ।

२. यस कम्पनीद्धारा निर्माण सम्पन्न गरिएको ९.५१ मे.वा जलविद्युत आयोजना उत्पादन संचालनमा आइसकेको छ । यो उत्पादन संचालनमा आए पश्चात् अन्य यस्तै प्रकारका आयोजनाहरु विभिन्न स्थानमा शुरु गर्न सुझाव दिइयो र त्यसका लागि आयोजनाको Cascade Project शुरु गर्न सुझाव दिईयो । त्यसका साथै जलविद्युत आयोजनाको लागि लिइएको जग्गाहरु खेरजाने अवस्था हुने भएकोले जलविद्युत आयोजनाको जग्गाको सहि प्रयोग गर्नको लागि कम्पनीले नगदे वाली, अदुवा खेती आदि गर्न पनि सुझाव दिनुभयो ।

३. यस कम्पनी पब्लिक कम्पनी भएपश्चातको तेस्रो वार्षिक साधारण सभा र सर्वसाधारणलाई शेयरको सार्वजनिक निष्काशन (IPO) गरे पश्चातको पहिलो वार्षिक साधारण सभा भएतापनि आगामी आर्थिक वर्षहरुमा शेयरधनीहरुलाई लाभांश वितरण गर्न पहल गर्न सुझाव दिदै कम्पनीका संचालकहरुले अहिलेसम्म कुनै पनि प्रकारको भत्ताहरु कम्पनीबाट नलिएर कम्पनीको हितका लागि निरन्तर कार्य गरिरहेकोमा सम्पुर्ण संचालकहरुलाई धन्यवाद दिनुभयो । त्यसका साथै यस कम्पनीका संचालक समिति ११( एघार) जना रहेकोमा सोलाई संशोधन गरी ७ (सात) जना गर्ने कार्य स्वागत योग्य रहेको भन्नुभयो ।

४. विशेषत जलविद्युत आयोजनाहरुको उत्पादन कार्य गर्मी याममा धेरै र जाडो याममा कम हुने गर्दछ सो उत्पादन भएको विद्युतलाई सहि तरिकाले प्रयोग गर्न जाडो मौसममा पनि उत्तिकै विद्युत वितरण गर्नका लागि पानी आरक्षण गर्न सम्भव भएमा पानी आरक्षित गर्न सुझाव दिइयो ।

५. यस कम्पनीका अध्यक्षले प्रतिवेदन प्रस्तुत गर्दाको समयमा कम्पनीले विद्युत वितरणको कार्य शुरु गरे पश्चात यस कम्पनीको जलविद्युत आयोजना भएको स्थानमा बाढी आएर हामीलाई अन्दाजी रु.१०,००,००,०००/- (अक्षरुपी दश करोड मात्र) बराबरको क्षती हुन गएको भनेर जानकारी आए

Samling Power Co. Ltd.

पश्चात सो बाढीले गरेको क्षतिका लागि बीमा कम्पनीसँग बीमा रकम दाबी गरिएको छ कि छैन र गरिएको छ भने बीमा दावीको स्थीति के कस्तो अवस्थामा रेहको छ भनि जिज्ञासा राख्नु भयो ?

६. यस कम्पनीले जलविद्युत उत्पादन गर्ने क्रममा नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्रि सम्झौता (PPA) गर्दा कतिको दरले गरिएको छ ? सो कुराको जानकारीको लागी कम्पनीको वित्तिय विवरणमा उल्लेख गर्न सुझाव दिइयो ।

८. यस कम्पनीको विद्युत उत्पादन सुरु गर्नुअघि Hydrology क्षमता के कस्तो रहेको थियो ? सोको डाटा उपलब्ध गराउन सुझाव दिदैं यस कम्पनीले उत्पादन गर्ने विद्युत खेर जान नदिन कम्पनीले के कस्ता उपायहरु अपनाएको छ भनि जानकारी माग भयो ।

९. यस कम्पनीको वार्षिक साधरण सभा आर्थिक वर्ष समाप्त भएको मितिले तिन महिना भित्र सम्पन्न हुनुपर्नेमा ढिला भएर चैत्र महिनामा मात्र भएकोले सोलाई आगामी वर्ष देखि समयमा नै सम्पन्न गर्न समेत आग्रह गर्नुभयो ।

१३. जिज्ञासा तथा सुझावहरु माथि सम्बोधन

**क) अध्यक्षज्यूबाट भएको सम्बोधन**

१. कम्पनीको तेस्रो वार्षिक साधारण सभा र शेयरको सार्वजनिक निष्काशन (IPO) पश्चातको पहिलो वार्षिक साधारण सभा भएकोले हामी सहभागीहरूको बारेमा निश्चित नभएको कारण यस वर्ष पावरप्वाइन्टको प्रस्तुति गरिएन, तर हामी आगामी वर्षहरुमा यहाँहरुको सल्लाह तथा सुझावको परिपालना गरि साधारण सभामा पावरप्वाइन्ट प्रस्तुति गर्नेछौ ।

२. हामीले साना आयोजनाबाट शुरु गरेको भएता पनि व्यावसायिक उत्पादन (Commercial Operation Date) मिति भन्दा २ महिना अगावै उत्पादन सञ्चालन सुरु गर्न सफल भएको हो र आयोजनालाई सकेसम्म छिटो नाफामुलक बनाउने छौं ।

३. यस आयोजनाबाट लाभांश तत्काल प्राप्त नभएता पनि यस आयोजनाले दीर्घकालीन लाभ दिन्छ र आयोजना सफल रुपमा संचालन भएमा आगामी वर्षहरुबाट लाभांशको अपेक्षा गर्न सकिन्छ ।

४. हालै बाढीबाट भएको क्षतिको लागि आवश्यक सम्पूर्ण प्रक्रियाहरु पुरा गरी बीमा दाबी गरिएको छ र बिमा कम्पनीबाट के कति क्षतिपूर्ति रकम प्राप्त हुन्छ भन्ने विषयमा बिमा कम्पनीसंग वार्ता गरिरहेका छौ । तसर्थ बिमा कम्पनीवाट क्षतिपूर्ति छिट्टै प्राप्त हुन्छ भन्ने आशा राखेका छौं ।

५. नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्रि सम्झौता (PPA) गर्दा मौसमको अनुकुलता अनुरुप गरिएको छ । सुक्खा मौसमको लागी विद्युत खरिद बिक्रि सम्झौता (PPA) प्रतियूनिट रु.८/४० को दरले दिईएको छ भने वर्षा मौसममा प्रतियूनिट रु.४/४० को दरले अन्य सरह नै दिईएको छ ।

१४. प्रस्तावहरुको प्रस्तुति

जिज्ञासा तथा सुझावहरु माथिको सम्बोधन पश्चात अध्यक्षज्यूको निर्देशन वमोजिम कानुनी सल्लाहाकारको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभा समक्ष कम्पनीको आर्थिक वर्ष २०७७/७८ को संचालक समितिको प्रतिवेदन र लेखापरिक्षकको प्रतिवेदन सहितको सोहि अवधिको वासलात विस्तृत नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु एवं सभामा छलफल तथा निर्णयका लागि निर्धारित सामान्य प्रस्तव अन्तर्गतका विषयसूचीहरु/प्रस्तावहरु र विशेष प्रस्ताव अन्तर्गतका विषय सूचीहरु/ प्रस्तावहरु सभा समक्ष प्रस्तुत गर्नुभयो ।

Samling Power Co. Ltd.

१५. सभाको निर्णय

(क) सामान्य प्रस्ताव:

१. आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, विस्तृत नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, पूँजीमा भएको परिवर्तन लगायत तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गरियो ।

३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार कम्पनीको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७८/७९ को लागि बाह्य लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव उपर सभामा छलफल भइसकेको र सभाले कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम कम्पनी को विद्यमान लेखापरीक्षक श्री प्रधान एण्ड शाक्य एशोसिएट्सलाई कम्पनीको आ.व.२०७८/७९ को लेखापरीक्षण समेत गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक कर समेत रु.१,३५,६००/- (एक लाख पैतिस हजार ६ सय) रुपैयाँ तथा बाह्य भत्ता, स्थानिय सुविधा र यातायात खर्च बाहेक (Excluding of Out-Station Allowances and Transportation expenses) लेखा परीक्षण शुल्क दिने गरि नियुक्त गर्न प्रस्ताव स्वीकृति/अनुमोदनका लागि यस सभा समक्ष पेश गरिएकोमा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

(ख) विशेष प्रस्ताव:

१. यस कम्पनीको नियम १७ मा आवश्यक निम्नबमोजिम संशोधन गर्ने तथा कम्पनीको संचालक समितिको कायम संख्या ११ (एघार) जना बाट घटाई ७ (सात) जना कायम गर्न नियमावलीको नियम २७ (२) र सोसँग सम्बन्धी नियम ३१ मा निम्न बमोजिमको संसोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव तथा तिनमहले सर्वसम्मतिले यस वार्षिक साधारण सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

१.१) नियमावलीको नियम १७ को संशोधन प्रस्ताव

१७. **शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरिक्षण** : शेयरधनी वा डिबेञ्चरवालाले कम्पनीको शेयर वा डिबेञ्चर दर्ता किताव निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ ।

तर कम्पनीले आफ्नो सूचना पाटीमा ७ दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता कितावको निरीक्षण बन्द गर्नसक्नेछ ।

१.२) नियम २७ (२) र नियम ३१ को संशोधन प्रस्ताव:

२७(२). यस कम्पनीमा कम्तीमा १ (एक) जना महिला सहित ७ (सात) जनाको सञ्चालक समिति हुनेछ जसमा १ (एक) जना स्वतन्त्र सञ्चालक रहनेछन् र २ जना संचालकहरु "ख" तथा "ग" समूहका शेयरधनीहरुबाट (सर्वसाधारण शेयरधनीहरु) नियुक्त हुनेछन् ।

३१. **सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने:** यस कम्पनीको संचालकहरुका नियुक्त गर्दा १ (एक) जना स्वतन्त्र संचालक र कम्तीमा १ (एक) जना महिला सहित बाँकी ५ (पाँच) जना शेयरधनी संचालक नियुक्त गरिनेछ । यसरी शेयरधनी संचालक नियुक्त गर्दा कम्तीमा १/१ जना संचालक "ख" तथा "ग" समूहका शेयरधनीहरुबाट (सर्वसाधारण शेयरधनीहरु) र बाँकी "क" समूहका शेयरधनीहरुबाट नियुक्त हुने गरि आवश्यक व्यवस्था गरिएको छ ।

१.३) माथि विशेष प्रस्ताव को प्रस्तावित नियमावलीको संशोधनका सन्दर्भमा अपनाउनु पर्ने कार्य विधि प्रक्रिया पुरा गर्ने सम्बन्धमा तथा पछि यस विषयमा नियमकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा

Samling Power Co. Ltd.

परिमार्जन मिलाउन तथा सो सम्बन्धमा अन्य निर्देशन वा सुझाव प्राप्त भएमा सो समेत मिलाई नियमावलीको सम्बन्धित नियमको संशोधन अभिलेख गर्नुपर्ने अन्य आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउनका लागी यस साधारण सभामा निहित अधिकारहरु यस कम्पनीको संचालक समितिलाई प्रत्यायोजन गर्नका लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सोलाई पारित गरियो भनि निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले निर्णय गरि सञ्चालक समतिलाई अख्तियारी दिने निर्णय भयो ।

**नियमावली संशोधनको तीनमहल:**

| साविक व्यवस्था र नियम | हाल गर्नुपर्ने संशोधन र नियम | संशोधन गर्नु पर्ने औचित्य र कारण |
|---|---|---|
| १७. शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरीक्षण: शेयरधनी वा डिबेञ्चरवालाले कम्पनीको शेयर वा डिबेञ्चर दर्ता किताव निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ<br>तर कम्पनीले आफ्नो सूचना पाटीमा १५ दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिन सम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ । | १७. शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरीक्षण: शेयरधनी वा डिबेञ्चरवालाले कम्पनीको शेयर वा डिबेञ्चर दर्ता किताव निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ ।<br>तर कम्पनीले आफ्नो सूचना पाटीमा ७ दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिन सम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ । | नियमावलीको नियम १७ संशोधन गरि संचालक समितिको संख्या परिवर्तन गर्न आवश्यक भई वार्षिक साधारण सभाले सो सम्बन्धी विशेषप्रस्ताव पारित गरेकोले । |
| २७. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल:<br>२) यस कम्पनीमा कम्तीमा १ (एक) जना महिला सहित ११ (एघार) जनाको सञ्चालक समिति हुनेछ जसमा २ (दुई) जना स्वतन्त्र सञ्चालक रहनेछन् र कम्तीमा १/१ जना संचालकहरु "ख" तथा "ग" समूहका शेयरधनीहरुबाट नियुक्त हुनेछन् । कम्पनीले सर्वसाधारणलाई शेयर जारी नगरेसम्मका लागि "क" समूहका शेयरधनीहरुबाट नै संचालक समिति गठन हुनेछ । | २७. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल:<br>२) यस कम्पनीमा कम्तीमा १ (एक) जना महिला सहित ७ (सात) जनाको सञ्चालक समिति हुनेछ जसमा १ ( एक) जना स्वतन्त्र सञ्चालक रहनेछन् र २ जना संचालकहरु "ख" तथा "ग" समूहका शेयरधनीहरुबाट (सर्वसाधारण शेयरधनी) नियुक्त हुनेछन् । | नियमावलीको नियम २७ (२) संशोधन गरि संचालक समितिको संख्या परिवर्तन गर्न आवश्यक भई वार्षिक साधारण सभाले सो सम्बन्धी विशेष प्रस्ताव पारित गरेकोले । |
| ३१. सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने : यस कम्पनीको संचालकहरुका नियुक्त गर्दा २ (दुई) जना स्वतन्त्र संचालक र कम्तीमा १ (एक) जना महिला सहित बाँकी ९ (नौ) जना शेयरधनी संचालक नियुक्त गरिनेछ । यसरी शेयरधनी संचालक नियुक्त गर्दा कम्तीमा १/१ जना संचालक "ख" तथा "ग" समूहका शेयरधनीहरुबाट र बाँकी "क" समूहका शेयरधनीहरु बाट नियुक्त हुने गरि आवश्यक व्यवस्था गरिएकोछ । | ३१. सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने : यस कम्पनीको संचालकहरुका नियुक्त गर्दा १ (एक) जना स्वतन्त्र संचालक र कम्तीमा १ (एक) जना महिला सहित बाँकी ५ (पाँच) जना शेयरधनी संचालक नियुक्त गरिनेछ । यसरी शेयरधनी संचालक नियुक्त गर्दा कम्तीमा १/१ जना संचालक "ख" तथा "ग" समूहका शेयरधनीहरुबाट ( सर्वसाधारण शेयरधनी) र बाँकी "क" समूहका शेयरधनीहरुबाट नियुक्त हुने गरि आवश्यक व्यवस्था गरिएको छ । | नियमावलीको नियम २७ (२) संशोधन गरि संचालक समितिको संख्या परिवर्तन गरिएको हुँदा यस नियममा पनि आवश्यक भई वार्षिक साधारण सभाले सो सम्बन्धी विशेष प्रस्ताव पारित गरेकोले । |

Samling Power Co. Ltd.

ग) **सर्वसाधारण शेयरधनी समूह "ख" बाट १ जना तथा समूह "ग" बाट १ जना गरि २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने ।**

विषयसूची (ग) अन्तर्गत सर्वसाधारण शेयरधनी समूह "ख" बाट १ जना तथा समूह "ग" बाट १ जना गरि सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको निर्वाचन सम्बन्धमा भएका आवश्यक काम कारवाहीको जानकारी सभालाई गराउन कम्पनी सचिवले निर्वाचन अधिकृतज्यूलाई आव्हान गर्नु भए बमोजिम निर्वाचन अधिकृत श्री भक्तिराम घिमिरेज्यूले कम्पनीको सञ्चालकको निर्वाचन निर्देशिका २०७८ को नियम १५ बमोजिम सर्वसाधारण शेयरधनीहरु समूह "ख" बाट श्री ईक्यूटास होल्डिङ्स् प्रा.लि.संगठित संस्थाका प्रतिनिधि श्री विनय कुमार तोदी तथा समूह "ग" बाट श्री दुर्गादेवी अधिकारी सामलिङ्ग पावर कम्पनी लि.को सर्वसाधारण समूहको निर्वाचन २०७८ मा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो र नवनिर्वाचित संचालकहरुलाई प्रमाणपत्र वितरण समेत गरियो ।

(घ) विविध:

१) धन्यवाद ज्ञापन:

छलफलको निमित्त राखिएका समान्य प्रस्तावहरुमा सभाले निर्णय गर्ने कार्य सकिएपछि सभाका अध्यक्षज्यूले कम्पनीको उत्कृष्ट कार्यसम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो र तेस्रो वार्षिक साधारण सभालाई सफल पार्न प्रत्यक्ष एंव परोक्षररुपमा सहयोग गर्नुहुने नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायहरु, कम्पनीका लेखापरिक्षक, शुभेच्छुक महानुभावहरु कम्पनीमा आवद्ध कर्मचारीहरु एंव सरोकारवालाहरु सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

२) सभा बिसर्जन:

अन्तमा दिउँसो १:०० बजे सभाका अध्यक्षज्यूले सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतिले पारित भएको घोषणा गर्नु हुँदै कम्पनीको तेस्रो वार्षिक साधारण सभा बिसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| अनिता खत्री<br>कम्पनी सचिव | Samling Power Co. Ltd. | विजय बहादुर राजभण्डारी<br>अध्यक्ष<br>मितिः २०७८/१२/२१ |